आज मिति २०८० साल साउन १७ गते तदनुसार ( August 2, 2023) बुधवार मानेभन्ज्याङ गाउँपालिका अध्यक्ष श्री ज्ञानेन्द्र रुम्दाली ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा तपसिल बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ज्ञानेन्द्र रुम्दाली | अध्यक्ष | |
| श्री आश्राचन राई | उपाध्यक्ष | |
| श्री राज कुमार रुम्दाली | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री राममणी राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री जितेन्द्र राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु बहादुर तामाङ्ग | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री राम कुमार राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री हेमराज राई | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री विष्णु प्रसाद गौतम | वडाध्यक्ष/कार्यपालिका सदस्य | |
| श्री भीम बहादुर बलम्पाकी मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री पूर्ण बहादुर मगर | वडाध्यक्ष/कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री कृष्ण कुमारी राई | कार्यपालिका सदस्य | |
| श्री गोमा कुमारी बि.क. | कार्यपालिका सदस्य | |
| श्री बाल कुमारी पुलामी | कार्यपालिका सदस्य | |
| श्री विमला के.शी. | कार्यपालिका सदस्य | अनुपस्थित |
| श्री युवराज नेपाली | कार्यपालिका सदस्य | |
| श्री छविलाल राई | प्र.प्र.अ./ सचिव | |

अन्य उपस्थिति: हस्ताक्षर

१. श्री दिपकराज पोखरेल ५ नं. वडा कार्यवाहक वडाध्यक्ष -

२. श्री टेक प्रसाद बास्तोला ८ नं. वडा कार्यवाहक वडाध्यक्ष -

३. श्री दिलकुमारी मगर, ९ नं. वडा कार्यवाहक वडाध्यक्ष -

२०८० साउन १७ गते तदनुसार August 2, 2023 बुधवारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. मोलुङ खोला बालेथुम्का खानेपानी लिफ्टिङ योजनाको ल्याब टेष्ट तथा ठेक्का म्याद थप सम्बन्धमा ।
२. दुधकोशी हिलेपानी खानेपानी लिफ्टिङ योजनाको ल्याब टेष्ट तथा म्याद थप सम्बन्धमा ।
३. सेवा करार गरी कर्मचारी पदपूर्ती सम्बन्धमा ।
४. सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकसँग नवीकरण सम्बन्धमा ।
५. निकासी ठेक्का सम्बन्धमा ।
६. दहत्तर बहत्तर उत्खनन् तथा बिक्री ठेक्का सम्बन्धमा ।
७. मौजुदा सुचीमा सूचीकृत गर्ने सम्बन्धमा ।
८. व्यवसाय दर्ता तथा नवीकरण शिविर सम्बन्धमा ।

२०८० साल साउन १७ गते बुधवारको बैठकका निर्णयहरुः

निर्णय नं.१: यस मानेभन्ज्याङ गाउँपालिका र खानी-स्वामीनारायण जेभी बानेश्वर, काठमाडौंबीच मिति २०८०/०३/१५ गतेभित्र सम्पन्न गर्ने गरी मिति २०७८/०२/०५ गते सम्झौता भएको **मोलुङ खोला बालेथुम्का खानपानी लिफ्टिङ योजना निर्माणको** RCC RVT को ल्याब परीक्षण सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको मिति २०८०/३/२७ गतेको चलानी नम्बर २७३० को श्री केन्द्रीय निर्माण वस्तु परीक्षणशालालाई लेखिएको पत्रको व्यहोरानुसार नै श्री खानी-स्वामीनारायण जेभीलाई गराउने/गर्ने निर्णय सर्वसम्मत गरियो ।उक्त ल्याब परीक्षणको रिपोर्टको आधारमा श्री खानी-स्वामीनाराण जेभीको पत्र बमोजिमको RVT ढलानहरुको बिल भुक्तानी हुनेछ । उक्त ल्याब परीक्षणको रिपोर्ट फेल भएमा भत्काएर पुनः निर्माण गरी नियमानुसार ल्याब परीक्षणको रिपोर्ट संलग्न राखेपछि मात्र भुक्तानी हुनेछ ।

त्यस्तै, कार्य गर्ने सम्झौता म्याद २०८० साल असार १५ गते समाप्त भएको र कार्य सम्पन्न भैनसकेको हुँदा म्याद थपको लागि खानी-स्वामीनारायण जेभीले निवेदन दिएकोले यस गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १२९ अनुसार जाँचबुझ गरी सो नियमको उपनियम ३ बमोजिम म्याद सकिएको मितिदेखी लागू हुने गरी मिति २०८१/०३/१५ सम्म काम सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.२: यस मानेभन्ज्याङ गाउँपालिका र प्याराडाईज-इनोभेटिभ ए.एम जेभी, ललितपुरबीच मिति २०८० असार मसान्तसम्म सम्पन्न गर्ने गरी सम्झौता भएको **दुधकोशी हिलपानी लिफ्टिङ खानेपानी योजना** निर्माण कार्यको RCC RVT को निर्माण तथा ढलानको क्रममा गाउँपालिकाको प्राविधिकको उपस्थितिमा क्युब बक्स नभरिएको हुँदा उक्त बनि सकेको RVT हरुको ल्याब परीक्षण श्री केन्द्रीय निर्माण वस्तु परीक्षणशाला, पुल्चोक क्याम्पस, कुपन्डोल ललितपुरबाट निर्माण कम्पनीको लागत खर्चमै गराई उक्त ल्याब परीक्षण पास भएको आधारमा भुक्तानी दिने तथा पास नभएमा भत्काइ पुन निर्माण/ ल्याब परीक्षण गराउने/ गर्ने निर्णय गरियो ।

त्यस्तै, कार्य गर्ने सम्झौता म्याद २०८० साल असार मसान्तमा समाप्त भएको र कार्य सम्पन्न भैनसकेको हुँदा म्याद थपको लागि प्याराडाईज-इनोभेटिभ ए.एम जेभीले निवेदन पेश गरेकोले यस गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०७९ को नियम १२९ अनुसार जाँचबुझ गरी सो नियमको उपनियम ३ बमोजिम म्याद सकिएको मितिदेखी लागू हुने गरी मिति २०८१/०३/१५ सम्म काम सम्मपन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.३: यस गाउँपालिकाको तपसिल अनुसारको पद रिक्त रहेको हुँदा नियमानुसार विज्ञापन गरी सेवा करारबाट पदपूर्ती गर्ने निर्णय गरियो ।

तपसिल:

क. सामुदायिक मनोसामाजिक परामर्शकर्ता संयोजक- १ जना । (CMC Nepal र यस मानेभन्ज्याङ गाउँपालिकाबीचको साझेदारीमा सञ्चालित कार्यक्रम)

ख. सामुदायिक मनोसामाजिक परामर्शकर्ता- १ जना (३ नं. वडाको लागि) यो पदमा २९ औं कापा बैठकको निर्णयानुसार हुने ।

ग. ६ नं. वडाको स्वास्थ्य चौकीको लागि कार्यालय सहयोगी – १ जना ।

**निर्णय नं.-४:** सामाजिक सुरक्षा भत्ता राष्ट्रिय वाणिज्य बैंकसँग सम्झौता गरी वितरण गरिरहेकोमा हाललाई वडाध्यक्ष र वडासचिव मार्फत नै वितरण गर्ने र आगामी भदौ ५ को कार्यपालिका बैठकमा यस मानेभन्ज्याङ गाउँपालिकामा सञ्चालित बैंकहरुसँग बैठक बसी आपसी समझदारी र निर्णय अनुसार वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** यस मानेभन्ज्याङ गाउँपालिकाबाट निकासी हुने सबै प्रकारका कवाडी, वन पैदावर लगायत अन्य वस्तुहरुको निकासी प्रयोजनको लागि गाउँसभाले निर्धारण गरेको आर्थिक ऐन, २०८० को अधिनमा रही नियमानुसार बोलपत्र आब्हान गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** यस मानेभन्ज्याङ गाउँपालिकाको क्षेत्रभित्र रहेको सुनकोशी, दुधकोशी र मोलुङ खोलाबाट उत्खनन् हुने बालुवा, ढुंगा गिटी लगायत सामग्रीहरुको वातारणीय प्रारम्भिक परीक्षणमा उल्लेख भएको प्रतिवेदन अनुसार बोलपत्र आब्हान गरी नियमानुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** यस मानेभन्ज्याङ गाउँपालिकामा आ.व.२०८०/८१ का लागि आवश्यक विभिन्न सामान तथा सेवा आपूर्तीकर्ता तथा सेवा परामर्शकर्ता व्यक्ति, फर्म, कम्पनीहरुले मानेभन्ज्याङ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १९ बमोजिम निवेदन माग गरी मौजुदा सूचीमा सूचीकृत गर्ने र सो मौजुदा सूचीमा सूचीकृत संस्थाहरुबाट मात्र उपलब्ध भएसम्म सेवा लिने निर्णय गरियो ।

**निर्णय नं.-८:** यस मानेभन्ज्याङ गाउँपालिकाको मुख्य मुख्य बजार क्षेत्रमा रहेका विभिन्न व्यवसाय तथा पसलहरुको दर्ता तथा नवीकरण गर्नको लागि तपसिल अनुसारको मिति र बजारमा व्यवसाय दर्ता तथा नवीकरण शिविर सञ्चालन गर्ने निर्णय गरियो । साथै सोही मितिमा सम्बन्धित क्षेत्रको बजार अनुगमन तथा निरीक्षण पनि गर्ने निर्णय गरियो । **तपसिल:**

क. हर्कपुर बजार क्षेत्र – मिति २०८० साल भदौ १ गते

ख. जयरामघाट बजार क्षेत्र – मिति २०८० साल भदौ २ गते

ग. मानेभन्ज्याङ बजार क्षेत्र – मिति २०८० साल भदौ ३ गते

घ. केत्तुके बजार क्षेत्र – मिति २०८० साल भदौ ४ गते

नोट: बाँकी वडाहरुको दर्ता तथा नवीकरण शिविरको मिति पछि तोकिनेछ ।